# वैतेश्वर गाउँपालिका शैक्षिक व्यवस्थापन कार्यविधि, २०७५

## प्रस्तावना

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न स्थनीय सरकार सन्चालन ऐन, २०७४ को दफा ११ (ज) बमोजिमको व्यवस्था कार्यान्वयन गर्न वाञ्छनीय भएकोले ऐनको दफा ११९ बमोजिम वैतेश्वर गाउँ कार्यपालिकाले मिति २०७४।०२।५ मा यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम "वैतेश्वर गाउँपालिका शैक्षिक व्यवस्थापन कार्यविधि, २०७५", रहेको छ ।

ख. यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्याविधिमा–

क. "अध्यक्ष" भन्नाले वैतेश्वर गाउँपालिकाका अध्यक्ष सम्झनु पर्दछ ।

ख. "ऐन" भन्नाले "स्थानीय सरकार सन्चालन ऐन, २०७४" सम्झनु पर्दछ ।

ग. "कार्यविधि" भन्नाले "वैतेश्वर गाउँपालिका शैक्षिक व्यवस्थापन कार्यविधि, २०७५" सम्झनु पर्दछ ।

घ. "कार्यालय" भन्नाले वैतेश्वर गाउँपालिकाको कार्यालय भन्ने सम्झनु पर्दछ ।

ङ. "समिति" भन्नाले यहि कार्यविधिको बुँदा ५ अनुसार गठन भएको समिति सम्झनु पर्नेछ ।

**३. कार्यविधि लागुहुने क्षेत्र र सेवाः** (क) यो कार्यविधि वैतेश्वर गाउँपालिकाको शैक्षिक क्षेत्रको व्यवस्थापन गर्न बनेको हुनाले सोही क्षेत्रमा लागु हुनेछ ।

(ख) यस कार्यविधिको क्षेत्राधिकार देहायअनुसार हुनेछ ।

- अ) शिक्षक विद्यार्थी अनुपात मिलान
- आ) सिफारिस समिति
- इ) अन्तरिम व्यवस्था
- ई) भौतिक व्यवस्थापन
- उ) शैक्षिक गुणस्तर अभिवृद्धि
- ऊ) गाउँ कार्यपालिकाले तोकेका अन्य क्षेत्रहरु

## ४. शिक्षक विधार्थी अनुपात मिलान

क) यस गाउँपालिका भित्रका पिद्यालय, शिक्षक तथा विधार्थी अनुपात मिलाउने विषयमा सिफारिस गर्न बुँदा नं ५ बमोजिमको एउटा सिफारिस समिति गठन हुनेछ ।

ख) बुँदा नं ५ बमोजिम गठित समितिले शैक्षिक गुणस्तर अभिवृद्धि गर्न पेश गरेको सुझाव अनुसार कार्यपालिकाले आवश्यक काम अगाडि बढाउनेछ ।

ग) समितिले शिक्षक विद्यार्थी अनुपात मिलान, दरबन्दी मिलान, शैक्षिक गुणस्तरका निर्धारण गर्नुपुर्व देहायबमोजिमका विवरणहरुको संकलन गर्नुपर्नेछ र त्यसरी प्राप्त विवरणको आधारमा मात्र काम अगाडि बढाउनुपर्नेछ ।

१. गाउँपालिका भित्ररहेको विद्यालयहरुको शै.सं २०७४ र शै.स २०७५ मा भर्ना भएका विद्यार्थीहरुको यथार्थ विवरण अनुसूची १ बमोजिमको ढाचाँमा संकलन गर्नुपर्नेछ ।

२. शिक्षकहरुको विवरण, योग्यता तथा सेवाको प्रकृति (स्थायी,अस्थायी,राहत,निजी वा अन्य) अनुसूची २ बमोजिमको ढाचाँमा हुनेछ ।

३. विद्यालयको भौतिक अवस्था अनुसूची ३ बमोजिमको ढाँचामा तथ्याङ्क संकलन गर्नुपर्नेछ ।

४. विद्यालयको सुशासनको पक्ष अनुसूची ४ बमोजिमको ढाचाँमा संकलन गर्नुपर्नेछ ।

## ५. सिफारिस समिति

क) वैतेश्वर गाउँपालिकाको शैक्षिक गुणस्तर प्रवर्द्धन एवं व्यवस्थापन गर्न सिफारिस गर्न देहायबमोजिमका संयोजक र सदस्यहरु रहेको एउटा समिति रहनेछ ।

| | |
|---|---|
| १. गाउँपालिकाका अध्यक्ष | संयोजक |
| २. गाउँपालिकाका उपाध्यक्ष | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. विद्यालय  निरिक्षक वा शिक्षा शाखा हेर्ने अधिकृत | सदस्य |
| ५. गाउँपालिकाका सम्बन्धित वडाका वडाध्यक्षहरु | सदस्य |
| ६. गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक | सदस्य |
| ७. गाउँपालिकाका पेशागत शिक्षक संगठनका प्रतिनिधिहरु | सदस्य |
| ८. शिक्षकहरुको छाता संगठनको प्रतिनिधि | सदस्य |
| ९. गाउँसभा वा कार्यपालिकाका सदस्यहरु मध्येबाट अध्यक्षले मनोनित गरेका दलित,महिला,अल्पसंख्यक वा अन्य गरी चार जना | सदस्य |
| १०. स्रोत व्यक्ति | सदस्य  सचिव |

ख) समितिमा आवश्यक मात्रामा सम्बन्धित क्षेत्रका विषय विज्ञ वा विशेषज्ञ आमन्त्रण गर्न सकिनेछ।

ग) समितिको काम, कर्तव्य र अधिकार

१. समितिले अनूसूची १, २, ३, ४ बमोजिमको तथ्याङ्क संकलन गर्ने/गराउनेछ।

२. संकलित तथ्याङ्कको विश्लेषण गरी आवश्यक सुझाव सहितको प्रतिवेदन कार्यपालिकामा प्रस्तुत गर्नुपर्नेछ।

३. बुदाँ नं २ बमोजिमको प्रतिवेदनमा अन्य कुराका अतिरिक्त देहायबमोजिमका विवरणहरु उल्लेख गर्नुपर्नेछ।

अ) शिक्षक विद्यार्थी अनुपात मिलान गर्दा तहगत रुपमा छुट्टा छुट्टै ढाचाँ प्रस्तुत गर्नुपर्नेछ।

आ) शिक्षकको शैक्षिक योग्यता, कार्यानुभव तथा स्वीकृत दरबन्दिको विषयगत आधारमा मिलानको उपयुक्त आधार सिफारिस गर्नुपर्नेछ।

इ) दरबन्दी मिलान तथा विद्यार्थी शिक्षकको उपयुक्त आधार सिफारिस गर्ने।

ई) विद्यालय एकीकरण (मर्ज) गर्नुपर्ने विद्यालय भएमा वा आवश्यक देखिएमा सोको सिफारिस गर्ने।

उ) विद्यालयको भौतिक अवस्था, सिकाई उपलब्धीको अवस्था प्रशासनिक दक्षता तथा सुशासनको अवस्थाको बारेमा सिफारिस गर्ने।

४. सरोकारवालाहरुसँग आवश्यक समन्वय गर्ने।

**६. अन्तरिम व्यवस्था**

क) बुदाँ नं ५ बमोजिमको समितिले गरेको सिफारिस बमोजिम कायपालिकाले आवश्यक मात्रामा दरबन्दी मिलान गर्नेछ।

ख) समितिले उपयुक्त मापदण्डका आधारमा शिक्षक कर्मचारीलाई गाउँपालिकाले काजमा खटाउनेछ तर दरबन्दिको स्थायी समायोजन भएको मानिने छैन।

ग) गाउँपालिकाले यो कार्यविधि बमोजिम मापदण्डका आधारमा पठाएको स्थानमा जानु प्रत्येक शिक्षकको र सो कार्यमा सहयोग गर्नु सम्बिन्धित विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

घ) यसरी शिक्षक, विद्यार्थी तथा दरबन्दी मिलान गरी अन्य कुराका अतिरिक्त देहायबमोजिमको आधार लिनुपर्नेछ।

१. विषयगत सिकाई उपलब्धी

२. योग्यता

३. आवासको निकटता

४. सम्बन्धीत विद्यालयको आवश्यकता

ग) यो व्यवस्था वैतेश्वर गाउँपालिकाको शिक्षा ऐन नबनेसम्मको लागि हुनेछ। सो भन्दा पछाडी ऐन तथा नियमावलीले तोके बमोजिम हुनेछ।

## ७. भौतिक व्यवस्थापन

क) गाउँपालिकाले विद्यार्थी संख्याको आधारमा अतिनै जिर्ण अवस्थामा रहेका विद्यालयहरुको पठनपाठन सहज बनाउन आवश्यक सहजीकरण गर्नेछ।

## ८. शैक्षिक गुणस्तर अभिवृद्धि

क) शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यालयहरुले कार्ययोजना (Action Plan) विद्यालय क्षेत्र सुधार योजना गाउँपालिकामा शैक्षिक सत्र सुरु भएको महिना दिन भित्र अनिवार्य रुपले बुझाउनुपर्नेछ।

ख) बुदाँ कु बमोजिमको कार्ययोजनामा सो विद्यालयले विद्यार्थी शिक्षक सिकाई उपलब्धी को विगत शै.स. को यथार्थ अवस्था, चालु शै.स. को लक्ष्य स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ।

ग) उक्त अनुसार काम गर्ने गराउने कार्यको जिम्मेवारी सम्बन्धीत विद्यालयको प्रधानाध्यापकको हुनेछ।

घ) गाँउपालिकाले विद्यालयहरुको समयसमयमा अनुगमन गरी आवश्यक निर्देशन दिनेछ त्यसरी दिईएको निर्देशनको पालना गर्नु प्रत्येक विद्यालय, शिक्ष–विद्यार्थीको तथा अभिभावकको कर्तव्य हुनेछ।

## अनुसूची - १

(बुदाँ १ ग (१) सँग सम्बन्धित)

विद्यालयको नामः ठेगानाः स्थापना मितिः

### क) विद्यालयको शैक्षिक सत्र २०७४ को विधार्थी विवरण

| कक्षा | बा.वि. केन्द्र | | | १ | | | २ | | | ३ | | | ४ | | | ५ | | | ६ | | | ७ | | | ८ | | | ९ | | | १० | | | ११ | | | १२ | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

### ख) शैक्षिक सत्र २०७५ को भर्ना विवरण

| कक्षा | बा.वि. केन्द्र | | | १ | | | २ | | | ३ | | | ४ | | | ५ | | | ६ | | | ७ | | | ८ | | | ९ | | | १० | | | ११ | | | १२ | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

### ग) अनुगमन गर्दाको उपस्थिति संख्या

| कक्षा | बा.वि. केन्द्र | | | १ | | | २ | | | ३ | | | ४ | | | ५ | | | ६ | | | ७ | | | ८ | | | ९ | | | १० | | | ११ | | | १२ | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

## अनुसूची - २
(बुदाँ १ ग (२) सँग सम्बन्धित)

### विद्यालयको शिक्षक/कर्मचारी विवरण

| क.सं. | शिक्षक/कर्मचारीको नामथर | योग्यता | पद/तह | अध्यापन विषय | मोबाइल नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची-३

(बुदाँ १ ग (३) सँग सम्बन्धित)

१. विद्यालयको भौतिक अवस्था:

क) भवन संख्या: ख) कक्षाकोठा संख्या:

ग) पुस्तकालय कक्ष | छ | छैन |  घ) विज्ञान प्रयोगशाला | छ | छैन |

ङ) कम्प्युटर कक्षः | छ | छैन |  च) सामाजिक प्रयोगशाला | छ | छैन |

छ) शैचालयः छात्रः छात्राः शिक्षकः महिला शिक्षकः

२. खेल मैदानको अवस्थाः

३) पिउने पानीको अवस्थाः क) सामान्य धारा संख्याः ख) बालमैत्री धारा संख्याः

४) विद्यालय सुरक्षाः क) घेरावार/तारजाली ख) पक्की ग) कम्पाउन्ड नभएको घ) गेट

५) चमेना गृह क) सामान्य ख) मुल्यसूची सहित ग) चमेनागृह नभएको

६) विद्यालयको सरसफाई अवस्थाः

७) सामाजिक सञ्जालः क्ष्लतभचलभत र ँबअभदययप

८) विद्यालयको नामको जग्गा भएको भए रोपनीः

अनुसूची-४

(बुदाँ १ ग (४) सँग सम्बन्धित)

## विद्यालयको सुशासन अवस्था:

१. विद्यालय व्यवस्थापन समिति गठन मिति:

शैक्षिक सत्र २०७४ मा विद्यालय व्यस्थापन समिति वैठक संख्या:

२. शिक्षक अभिभावक संघ गठन मिति:

शिक्षक अभिभावक संघ को २०७४ को वैठक संख्या:

३. शिक्षक कर्मचारीको २०७४ मा बसेको बैठक संख्या:

४. विद्यालय पोशाक: क) शिक्षक- भएको/नभएको ख) विद्यार्थी- भएको/नभएको

५. आचार संहिता:

क) शिक्षक- भएको/नभएको ख) विद्यार्थी- भएको/नभएको ग) अभिभावक- भएको/नभएको

६. सुझाव पेटिका: (अ) भएको (आ) नभएको ७) सूचनापाटी: (अ) भएको (अ) नभएको

८) शिक्षक डायरी/त्भबअजभच प्ष्त को अवस्था:

९) विद्यालय क्षेत्र सुधार योजना निर्माण मिति र योजना अवधि:

१०) प्रअ नियुक्ति मिति कार्यसम्पादन सम्झौता अ) भएको आ) नभएको

११) शिक्षकहरुसँग प्र.अ.ले कार्यसम्पादन सम्झौता अ) गरेको आ) गरेको

१२) अन्य:

क) सिकाई उपलब्धि: अ) आधारभूत तह: आ) माध्यमिक तह

ख) आव २०७४/७५ को सामाजिक परीक्षण मिति:

ग) आव २०७४/७५ को सार्वजनिक सुनुवाई मिति:

घ) शिक्षक विधार्थी अनुपात:

| आधारभूत तह |
|---|
| १. |

| माध्यामिक तह |
|---|
| १. |

ङ) विद्यालयका समस्या र चुनौती:

१.

२.

३.

४.

५.

६.

अवलोकन कर्ता

१.

२.

३.

४.

५.

अवलोकन मितिः २०७५/ /

विद्यालयको छाप

प्रधानाध्यापकको दस्तखत